# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ३९
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ भाद्र ८ गते आइतबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको उनान्चालीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. बलराम प्रसाद बाँस्कोटा**ले दुई तिहाइको सरकार सहित नेपाल राजनीतिक स्थिरताको दिशातर्फ अग्रसर भइरहेको सन्दर्भमा केही 'निशाचरहरूले' षड्यन्त्रको तानाबाना बुनिरहेको बताउनु हुँदै पूर्व राजाबाट नागरिक बन्न स्वीकार गरेका ज्ञानेन्द्र शाह र उनका छोरा पारस शाहको अवाञ्छित गतिविधि बढिरहेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले 'रवि लामिछाने प्रकरण' मा सामाजिक सञ्जाल लगायत अन्य क्षेत्रमा भइरहेको अवाञ्छित गतिविधि तथा संविधान विरोधी क्रियाकलाप नियन्त्रण गर्नतर्फ सरकारको ध्यानाकृष्ट गराउनु हुँदै भारतका विदेश मन्त्री नेपाल आउनुभएको सन्दर्भमा नेपाल र भारत बीच कुन-कुन विषयमा के-कस्तो वार्ता भयो, सो सम्बन्धमा सरकारले सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

**मा. रमेश जंग रायमाझी**ले मुलुकलाई समृद्धिको दिशातर्फ लैजान सबै राजनीतिक दल एक भएर अगाडि बढ्नुपर्ने बताउनु हुँदै राजनीतिक नेतृत्वमा रहेका व्यक्तित्वहरूले राजनीतिलाई विचलनको मार्गमा लैजाने र यसप्रति वितृष्णा फैलाउने अभिव्यक्ति दिन नहुनेमा जोड दिनुभयो । त्यसैगरी उहाँले संस्थागत रूपमा भ्रष्टाचार मौलाइरहेको बताउनु हुँदै युवाहरूका लागि सरकारले रोजगार सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. यूटोल तामाङ**ले मुगु जिल्लामा गत साउन ३२ गते मुर्मा, भ्यारी, मुन्दु र बुग्गी खोलाले जलविद्युत् आयोजनाको मेन पावर हाउस नै बगाएर लगेकाले जिल्लावासी अन्धकारमा बस्न बाध्य रहेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै खोलाले बगाएका पानीघट्टा तथा खेतीबालीको संघीय सरकारले तत्काल क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्नुभयो । त्यसैगरी उहाँले दुर्गम जिल्लामा नेपाल एयरलाइन्सले नियमित उडान भर्नुपर्नेतर्फ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले संघीय सरकार बाढी पीडित जनताप्रति गम्भीर नभएको, बाढी-पहिरोबाट घरबार एवं आफन्त गुमाएका जनतालाई नाम मात्रको राहत वितरण गरेको तथा तीन महिनामा सात करोड रूँपैया गैरकानूनी रूपमा बाँडफाँड गरेको आरोप लगाउनु हुँदै बाढीबाट प्रभावित प्रदेश नम्बर दुईलाई 'बाढीग्रस्त क्षेत्र' घोषणा गरी पुनर्निर्माण र पुनर्स्थापना सहितको विशेष प्याकेज ल्याउनुपर्ने माग गर्नुभयो ।

**मा. राम लखन चमार**ले नवलपरासीका उखु किसानले सुगर मिलबाट ७४ करोड ७४ लाख ८५ हजार ५५० रुँपैया पाउन बाँकी भएकोले उक्त रकम यथाशीघ्र भुक्तानी हुनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै जिल्लामा यूरिया मलको आपूर्तिमा ढिलासुस्ती गरी कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही हुनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सेफगार्ड्स, एण्टी-डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग विधेयक, २०७५" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "प्रशासकीय अदालत विधेयक, २०७६" लाई प्रतिनिधि सभाको बैठकबाट सम्बन्धित समितिको प्रतिवेदनमा उल्लिखित संशोधन सहित पारित भएको सन्देश सभालाई जानकारी गराउन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले पेश गर्नुभएको "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि

सैद्धान्तिक पक्षमा मात्र छलफलमा हुने जानकारी गराउनु हुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. ठगेन्द्र प्रकाश पुरी | २. मा. रमेश प्रसाद यादव | ३. मा. रामनारायण विडारी |
| ४. मा. रामचन्द्र राई | ५. मा. रामपृत पासवान | ६. मा. जितेन्द्र नारायण देव |
| ७. मा. राधेश्याम अधिकारी | ८. मा. वृषेश चन्द्र लाल | ९. मा. बलराम प्रसाद बाँस्कोटा |
| १०. मा. खिम लाल भट्टराई | | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले पेश गर्नुभएको “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफलमा हुने जानकारी गराउनुहुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | |
|---|---|
| १. मा. प्रकाश पन्थ | २. मा. उदया शर्मा/पौडेल |
| ३. मा. कोमल वली | ४. मा. डा. विमला राई पौडयाल |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “भूमि सम्बन्धी (आठौ संशोधन) विधेयक, २०७५” र “वन विधेयक, २०७५” माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “प्रहरी समायोजन विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “प्रहरी समायोजन विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले पारित भएको गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल भदौ १२ गते बिहीबार दिनको १:०० बजे** बस्ने गरी **अपरान्ह ३:३५** बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव